# सुदूरपश्चिम प्रदेश सरकार सञ्चालनका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीको न्यूनतम साझा कार्यक्रम

क. नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी बीच भएको सहमतिका आधारमा सुदूरपश्चिम प्रदेशमा समेत दुवै दलको संयुक्त सरकार गठन भएको सन्दर्भमा; राष्ट्रीयता तथा सार्वभौमसत्ताको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता लगायत जनअधिकार प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, थारू लगायतका पछिल्ला आन्दोलनहरु लगायत नेपाली जनताका विभिन्न जनसंघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता, घाइते र अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।

ख. हालै भोटेकोशी लगायत देशका विभिन्न भागमा आएको बाढी, पहिरो तथा प्राकृतिक विपद्का कारण जनधनको ठूलो क्षति भएकोमा दुख व्यक्त गर्दै जीवन गुमाउनुभएका सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना तथा विपदमा परी सुदूरपश्चिम लगायत देशका विभिन्न क्षेत्रका कैयौं नागरिकहरू सम्पर्कविहिन बन्न पुगेकोमा उहाँहरूको सकुशल उद्धारको कामना गर्नुका साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना तथा समानुभूति प्रकट गर्दछौं। साथै तत्काल खोजी, उद्धार र राहतको प्रभावकारी व्यवस्थापन गर्न संघीय सरकारसमक्ष आग्रह गर्दछौं।

ग. सुदूरपश्चिम प्रदेशको दीगो तथा बहुआयामिक विकास, सुशासन, सामाजिक न्यायको प्रत्याभूति, भौतिक पूर्वाधार निर्माण तथा आर्थिक रूपान्तरण र सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि जनअपेक्षा अनुरुप प्रदेश सरकार सञ्चालन गर्न देहायको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको छ।

घ. तपसिलका न्यूनतम साझा कार्यक्रम कार्यान्वयन गर्न बजेट तर्जुमा गर्दा अवलम्बन गरिनुपर्ने नीतिगत तथा कार्यक्रमगत मार्गदर्शन विषयगत मन्त्रालयहरुलाई उपलब्ध गराइने छ।

## न्यूनतम साझा कार्यक्रम

[redacted]

१. उत्पादन र रोजगारीमा जोड: "उत्पादन-स्वरोजगारी-आय" लाई समृद्धिको मूल आधार बनाई कृषि, उद्योग, पर्यटन, पूर्वाधार र सेवा क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ।

२. "मेड इन सुदूरपश्चिम" अभियान: स्वदेशी/स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनको बजारीकरण, ब्राण्डिङका लागि "मेड इन सुदूरपश्चिम" अभियान सञ्चालन मार्फत सार्वजनिक क्षेत्रमा अनिवार्य उत्पादन, उपयोग र उपभोगको नीति अवलम्बन गरिनेछ।

३. **लगानी प्रवर्द्धन र एकद्वार प्रणाली:** प्रदेश नीति तथा योजना आयोगमार्फत लगानीका क्षेत्रहरूको विस्तृत परियोजना प्रतिवेदन/लागत-लाभको अध्ययन गरी आन्तरिक र बाह्य लगानी आकर्षित गरिनेछ। व्यवसाय दर्ता, नवीकरण र व्यापार सहजताका लागि एकद्वार प्रणाली तथा कर सहजीकरणको नीति लिइने छ।

४. **सार्वजनिक-निजी-सहकारी नीतिः** राज्यले अवलम्बन गरेको तीनखम्बे अर्थनीति अन्तर्गत लगानीमैत्री वातावरण सिर्जना गरी ठूला तथा रूपान्तरणकारी आयोजनाहरू सार्वजनिक-निजी-सहकारी नीति अनुरुप सञ्चालन गरिनेछ।

५. **युवा उद्यमशीलताः** वैदेशिक रोजगारीबाट फर्केका युवा, महिला, दलित, थारू, पूर्वकमैया र मुक्त हलिया लक्षित सीप, प्रविधि र पुँजीसहितको उद्यमशीलता तथा स्टार्टअप कार्यक्रमका साथै पढ्दै कमाउँदै कार्यक्रम सञ्चालनको नीति लिइनेछ।

६. **पारदर्शी र नतिजामुखी बजेटः** बजेट निर्माणलाई पारदर्शी तथा परिणामुखी बनाउन आयोजना छनोट तथा कार्यान्वयनमा देखिएका कमजोरी तथा विसंगितको अन्त्य गरिनेछ। भौगोलिक विकटता, जनसङ्ख्या र मानव विकास सूचकांकका आधारमा सन्तुलित र मितव्ययी बजेट तर्जुमा गरिनेछ। निश्चित रकमभन्दा माथिका योजना अनिवार्य प्रतिस्पर्धाबाट सञ्चालन गरिनेछ।

७. **राजस्व संकलन र परिचालनः** करको दायरा वृद्धि र अनलाइन माध्यमबाट राजस्व संकलन, कर प्रणालीमा सुधार र अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा ल्याएर सङ्घीय अनुदानमाथिको निर्भरता क्रमशः घटाउँदै लगिनेछ।

[redacted]

८. **कृषि गुरुयोजना र विशिष्टीकृत उत्पादनः** माटो, जलवायु र बजारको सम्भावनाका आधारमा प्रदेशको कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र स्व-रोजगारी सिर्जना समेत यकीन गर्न दीर्घकालीन प्रादेशिक कृषि गुरुयोजना (Provincial agricultural Perspective Plan) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

९. **सामूहिक खेती र चक्लाबन्दीः** खण्डीकृत जमिन एकत्रित गरी सामूहिक/व्यावसायिक खेती प्रवर्द्धन गरिनेछ। बाँझो जमिनको उपयोग र प्रदेश मातहतका जमिन दीर्घकालीन लिजमा दिने नीति लिइनेछ। गरिबीको रेखामुनि सूचिकृत कृषकका लागि मौसम सूचकाङ्क (Weather Index) मा आधारित कृषि बीमा प्रिमियममा निश्चित प्रतिशत अनुदान दिइनेछ। साथै, बीउबिजनको उपलब्धता, रैथाने तथा लोपोन्मुख बीउबीजन तथा स्थानीय ज्ञान र प्रविधिको संरक्षण गरिनेछ।

१०. **पशुपालन एवं मासु र दुग्धजन्य उत्पादनहरुमा आत्मनिर्भरताः** भौगोलिक क्षेत्रको अनुकुलतामा कृषिको व्यवसायिकरण गर्न गाई-भैंसी, भेडा च्यांग्रा,-बाख्रा, बङ्गुर, माछा, मौरीपालन लगायतको बृहत पशुपालन आयोजना सञ्चालन गर्न प्रोत्साहन गर्दै प्रदेशलाई दूध, माछा, मासु, अण्डा, मह लगायतमा पूर्ण आत्मनिर्भर बनाइनेछ । प्रदेशमा दुग्ध प्रशोधन उद्योग स्थापना गर्ने नीति लिइनेछ।



CamScanner

११. भूमिसम्बन्धी समस्या समाधान: भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, मुक्त कमैया, मुक्त हलिया, कमलरी र आरक्षपीडितका जग्गा स्वामित्व तथा भोगचलन लगायतका समस्या हल गर्न विशेष पहल गरिनेछ।

१२. सहकारी सुधार: सहकारी क्षेत्रमा देखिएका विकृति र अनियमितता नियन्त्रण गर्न अनुगमन, वित्तीय जोखिम न्यूनीकरण र सुशासन कायम गर्दै प्रदेशमा दर्ता वा कार्यक्षेत्रभित्र पर्ने सहकारी संघसंस्थाहरूको विषयगत प्रवर्धन र नियमनका लागि आवश्यक नीतिगत प्रबन्ध गरिनेछ।

[redacted]

१३. औद्योगिकीकरण र साना उद्यम प्रवर्द्धनका लागि प्रदेशस्तरीय ठूला उद्योग, जिल्लास्तरीय मझौला उद्योग र स्थानीय तहमा साना तथा घरेलु उद्योगहरू स्थापना र सञ्चालनको नीति लिइनेछ। घरेलु तथा साना उद्योग एवं महिला उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

१४. खनिज र प्राकृतिक स्रोतको दिगो उपयोग: प्रदेशमा उपलब्ध रहेका बहुमूल्य प्राकृतिक खनिज तथा धातुजन्य पदार्थहरूको वैज्ञानिक अन्वेषण, उत्खनन तथा प्रशोधनलाई प्राथमिकता दिइनेछ। ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य एवं प्राकृतिक स्रोतको वैज्ञानिक तथा दिगो उपयोगका लागि नीतिगत तथा कानुनी व्यवस्था सुनिश्चित गरिनेछ।

१५. दिगो वन तथा जडीबुटी व्यवस्थापन: वन क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन गरिनेछ। प्रदेशका गैर काष्ठ तथा सुगन्धित वनस्पति (जडीबुटी) को अनुसन्धान, संकलन, प्रशोधन र प्रमाणिरण केन्द्रहरू स्थापना गरिनेछ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, डढेलो नियन्त्रण, क्षतिपूर्ति सरलीकरण, चुरे संरक्षण र जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिनेछ।

१६. एकीकृत विपद् पूर्वतयारी: जीआइएस प्रविधिबाट प्रदेशका बस्तीहरुको भूगर्भिक अध्ययन गरी पूर्वसूचना, हवाई उद्धार, राहत र पुनर्स्थापनाका लागि आपत्कालीन कार्यसञ्चालन केन्द्र र सुरक्षा निकायबीच एकीकृत सञ्चार प्रणाली स्थापना गरिनेछ। उच्च जोखिममा रहेका वस्तीहरुलाई एकीकृत बस्ती विकासको नीति अवलम्बन गरिनेछ।

१७. भोटेकोशी नदीमा आएको बाढी लगायतका प्राकृतिक विपद्हरू सामान्य प्रकोप नभई तीव्र जलवायु परिवर्तनको प्रत्यक्ष परिणाम भएकाले यसको स्थायी समाधानका लागि नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घ (UN) लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत 'Loss and Damage' शोधभर्ना र जलवायु वित्त प्राप्तिका लागि तत्काल कूटनीतिक पहल गर्न अनुरोध गरिनेछ।

१८. उच्च जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी तथा जलवायु अनुकूलनका विशेष कार्यक्रम लागू गर्दै सूचना प्रणाली, द्रुत खोज, आपत्कालीन उद्धार र राहत वितरणलाई प्रभावकारी बनाइनेछ। प्रदेशले कूल क्षेत्रफलको ५४ प्रतिशत बढी वनक्षेत्र जोगाएकोमा कार्बन व्यापार अन्तर्गत पाउनुपर्ने रोयल्टी रकम प्राप्तिका लागि पहल गरिनेछ।



CamScanner

[redacted]

१९. **प्रादेशिक सडक सञ्जाल गुरुयोजना:** रणनीतिक सडक, कृषि ढुवानी मार्ग, मोटरेबल तथा झोलुङ्गे पुल, श्रोत मार्ग तथा पर्यटकीय तथा पुरातात्विक मार्ग निर्माणलाई प्राथमिकता दिइनेछ। अधुरा योजनाहरु पुनरावलोकन गरी सडकमार्गलाई उत्पादन र बजारसँग जोडिनेछ। व्यवस्थित भवन संहिता, स्मार्ट सहर निर्माण, साना तथा मझौला सिँचाइ र शुद्ध खानेपानी आयोजनालाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२०. **ऊर्जा विकास र लगानी:** जलविद्युत् तथा नवीकरणीय ऊर्जा विकासका लागि सार्वजनिक नीजि सहकारी मोडल अपनाइनेछ। साना आयोजना स्थानीय तह र ठूला आयोजना सङ्घीय सरकारसँगको सहकार्यमा अघि बढाइनेछन्। पश्चिम सेती लगायतका सुदूरपश्चिमका वृहत आयोजनाहरु निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ।

[redacted]

२१. **पर्यटन परिपथ र इको हिल स्टेसन:** पुरातात्विक र धार्मिक स्थल समेटेर 'देवाटवी पर्यटन परिपथ', चुरे तथा हिमाली क्षेत्रमा मनोरञ्जन पूर्वाधारसहितका 'इको हिल स्टेसन' र डिजिटल/बहुसांस्कृतिक सङ्ग्रहालय स्थापना कार्य अघि बढाइनेछ।

२२. **नदी सम्पदा र सीमा क्षेत्र विकास:** महाकाली, सेती र कर्णाली नदीलाई साझा आर्थिक-सांस्कृतिक आधार मानी गड्डाचौकी-दोधारा चाँदनी लगायतका नाकामा सीमापार व्यापार, पर्यटन पूर्वाधार र सुरक्षा सहकार्य व्यवस्थित गरिनेछ।

[redacted]

२३. **स्व-रोजगारमुखी शिक्षा र डिजिटल प्रविधि:** उच्च शिक्षा/प्राविधिक शिक्षा तथा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्दै, फाइबरसहितको डिजिटल पूर्वाधार र सुरक्षित डिजिटल साक्षरता विस्तार गरिनेछ। गरीब, जेहेन्दार तथा उपेक्षित-उत्पीडित समुदायको प्राविधिक उच्च शिक्षामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।

२४. **स्वास्थ्य सेवामा सुधार:** प्रदेश तथा जिल्ला अस्पतालहरूको स्तरोन्नति, टेलिमेडिसिन, घुम्ती विशेषज्ञ सेवा, र पहाडी राजमार्गहरूमा आकस्मिक उपचार तथा ट्रमा सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ। स्वास्थ्य सेवामा लागत, पहुँच र गुणस्तरको सन्तुलन कायम गर्ने नीति अवलम्बन गरिनेछ । बालबालिकाहरुमा बढ्दै गएको अटिज्मलगायत विशिष्ट स्वास्थ्य समस्याहरु सम्बोधन गर्न आवश्यक पहल गरिनेछ। योग तथा ध्यानको क्षेत्रमा प्रवर्द्धनात्मक कार्यहरु गरिनेछ।

२५. **सुरक्षित महिला अभियान र बालविवाहमुक्त प्रदेश:** महिलामाथि हुने हिंसा र विभेद अन्त्य गर्न किशोरकिशोरी, सामाजिक अगुवा परिचालन तथा डिजिटल सचेतना विशेष अभियान सञ्चालन

गरिनेछ। मनोसामाजिक परामर्शसहितको सुरक्षित आवास गृह स्थापना गरिनुका साथै बालविवाहमुक्त प्रदेश बनाइनेछ। महिला उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

२६. दलित अधिकार दशक र सामाजिक न्याय: जातीय विभेद र छुवाछुत अन्त्यका लागि 'दलित अधिकार दशक' कार्यान्वयन गरी आत्मसम्मान र जीविकोपार्जन सुनिश्चत गरिनेछ । विपन्न, अपाङ्गता भएका र असहाय नागरिकलाई लक्षित सामाजिक सुरक्षा प्रदान गरिनेछ।

२७. युवा नेतृत्व र खेलकुदको विकास: 'मुख्यमन्त्रीसँग युवा' संवाद, 'युवा आइडिया क्लब र खेलकुद पूर्वाधार विकासका लागि 'एक पालिका-एक सुविधा सम्पन्न खेलमैदान' अवधारणा लागू गरिनेछ।

[redacted]

२८. सुशासन र प्रविधिमैत्री सेवा: सार्वजनिक सेवालाई 'फेसलेस, क्यासलेस र पेपरलेस' बनाइनेछ। 'हेलो सीएम; र डिजिटल माध्यमबाट नागरिक गुनासो सुनुवाइको सुनिश्चितता तथा 'भ्रष्टाचारविरुद्ध सचेतना अभियान' सञ्चालन गरिनेछ।

२९. आयोजना बैंक र शासकीय सुधार: आगामी आर्थिक वर्षदेखि 'प्रदेश आयोजना बैंकमा सूचीकृत योजनामा मात्र बजेट विनियोजन गरिने नीति संयन्त्र विकास गरिनेछ ।

३०. सङ्घीय शासन प्रणाली लागू भएको एक दशक पुरा हुन गइरहेको सन्दर्भमा प्रदेश सरकारको कार्यसम्पादनको समीक्षा गरी प्राप्त निष्कर्षका आधारमा प्रदेशको अल्पकालीन तथा दीर्घकालीन भावी मार्गदर्शन तर्जुमा गरिनेछ।

३१. प्रदेश सभा तथा संवैधानिक निकायहरूको प्रभावकारिता अभिवृद्धिका लागि भौतिक पूर्वाधारको व्यवस्थापन र प्रदेश सभा तथा समितिका पदाधिकारी एवम् सदस्यहरूको बहुआयामिक क्षमता विकास गर्न थप प्रभावकारी कदम चालिनेछ।

३२. सुदूरपश्चिम प्रदेशको समग्र शासकीय प्रबन्धको पुनरावलोकन गरी आगामी कार्यदिशा निर्धारण गर्न बजेटमार्फत एक 'उच्चस्तरीय प्रदेश शासकीय सुधार आयोग' गठन गरिनेछ र सो आयोगको सुझावका आधारमा आवश्यक सुधारका कार्यहरू कार्यान्वयन गरिनेछ।

३३. प्रदेशको तुलनात्मक सामर्थ्य पहिचान, वस्तुनिष्ठ योजना निर्माण, न्यायोचित स्रोत बाँडफाँड र दिगो प्रादेशिक विकासका लागि बहुआयामिक सूचकहरूको एकीकृत सङ्कलन तथा विकास लक्ष्यहरूको स्थानीयकीकरण गर्न 'आधारभूत बहुसूचक सर्वेक्षण' (Baseline Multi-indicator Survey) गरिनेछ।

३४. कानुनी ढाँचा सुदृढीकरण र नीतिगत स्पष्टता: सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि एकल तथा साझा अधिकारबमोजिम आवश्यक सम्पूर्ण कानुन निर्माण गरी विद्यमान कानुनी रिक्तताको अन्त्य गरिनेछ; साथै विकास, लगानी र सुशासनमा बाधक रहेका कानुनी जटिलता, अस्पष्टता र दोहोरोपन हटाई लगानीमैत्री तथा नागरिकमैत्री कानुनी वातावरण बनाइनेछ।

३५. सुरक्षा व्यवस्था र सीमा व्यवस्थापन: प्रदेशमा शान्ति, सुरक्षा र कानुनको शासन कायम गर्न आधुनिक प्रविधि तथा अन्तरनिकाय समन्वयमा आधारित सुरक्षा प्रणाली विकास गरिनेछ; साथै

CamScanner

सीमावर्ती अपराध र अवैध तस्करी नियन्त्रणका लागि स्थानीय, संघीय र सीमावर्ती समुदायबीच सूचना आदानप्रदानलाई सुदृढ गरिनेछ।

३६. सूचना प्रणालीको आधुनिकीकरण र समावेशी पहुँच: प्रदेशको सार्वजनिक सूचना तथा सरकारी सञ्चारलाई अत्याधुनिक, पारदर्शी र प्रविधिमैत्री बनाउँदै दुर्गम एवम् सीमान्तकृत समुदायको सूचनामा सहज र समान पहुँच सुनिश्चित गरि 'डिजिटल डिभाइड' अन्त्य गरिनेछ। प्रादेशिक सञ्चारमाध्यमको संस्थागत सुदृढीकरण गर्दै सञ्चारकर्मी तथा सञ्चार गृहको पेसागत सुरक्षा, दक्षता अभिवृद्धि र मर्यादित पत्रकारिताको वातावरण निर्माण गरिनेछ।

३७. जनआन्दोलन, जनयुद्ध लगायत लोकतान्त्रिक तथा सामाजिक परिवर्तनका आन्दोलनका सहिद, घाइते, अपांग एवं बेपत्ता नागरिकका परिवारको योगदानलाई सम्मान गर्दै उनीहरूको अभिलेखीकरण, सम्मान, परिवारको शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता तथा जीवन निर्वाहमा आवश्यक सहयोगको नीतिगत व्यवस्था गरिनेछ।

३८. राष्ट्रसेवक कर्मचारीहरूलाई प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाप्रति उत्साही र प्रतिवद्ध भई कार्य गर्ने वातावरण बनाउन आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी वित्तीय सुविधासहितका प्रोत्साहनमुखी प्याकेज लागू गरिनेछ।

३९. सुदूरपश्चिमको एतिहासिक विरासत, पहिचान, सांस्कृतिक विविधता, पुरातात्विक वास्तुकलामा आधारित प्रदेश राजधानीको संरचना निर्माण कार्यलाई अघि बढाइनेछ।

४०. जनताले देख्ने र अनुभूति गर्ने गरी दिनानुदिनका समस्या समाधान गर्ने प्रकृतिका कार्यहरु यकीन गरी कम्तिमा एक एक मन्त्रालय एक नमूना कामलाई विशेष अभियान सञ्चालन गरिनेछ।

माथि उल्लिखित न्यूनतम साझा कार्यक्रम कार्यान्वयन गठबन्धन दलका संसदीय नेतृत्वबीच आपसी समझदारी र सहकार्य र समन्वयका आधारमा गरिनेछ।

| | |
|---|---|
| ............................................ | .................................. |
| राजेन्द्र सिंह रावल | खगराज भट्ट |
| पूर्व मुख्यमन्त्री तथा संसदीय दलका नेता | मुख्यमन्त्री तथा संसदीय दलका नेता |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाली कम्युनिष्ट पार्टी |



CamScanner